Contact:
Ishwor Upreti
Rastriya Banijya Bank Ltd.
Singhadurbar Plaza,
Kathmandu
Phone 4252595 Ext.2423
rbbnl@rbb.com.np

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैंक
**Rastriya Banijya Bank Limited**
**Singhadurbar Plaza**
**Kathmandu**

# Press Release

Date: 2079. 04. 09

## रा.वा. बैंकको ब्राण्ड एम्बासडरमा मिस नेपाल वर्ल्ड २०२२ प्रियंका रानी जोशी नियुक्त




राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको आफ्नो व्यवसाय प्रवर्द्धनको लागि मिस नेपाल वर्ल्ड-२०२२ लाई सोमबार एक कार्यक्रमका बीच ब्रान्ड एम्बासडरमा नियुक्ती गरिएको छ। राष्ट्रिय वाणिज्य बैंक र दी हिडन ट्रेजर प्रा.लि. बिच भएको सम्झौतामा बैंकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र दी हिडन ट्रेजर प्रा.लिको तर्फबाट अध्यक्ष **दीवाकर राजकर्णिकार**ले हस्ताक्षर गर्नु भएको छ। बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले राष्ट्रिय बाणिज्य बैंकले प्रवाह गरिरेको आधुनिक बैंकिङ्ग सेवाको बारेमा खासगरी युवावर्गका ग्राहकहरुमा थप जानकारी दिई आफ्नो व्यवसायलाई प्रवर्द्धन गर्नको निमित्त बैंकले आफ्नो ब्रान्ड एम्बासडरमा मिस नेपाल वर्ल्ड २०२२ प्रियंका रानी जोशी लाई नियुक्ती गरिएको बताउनुभयो।

सो कार्यक्रममा दी हिडन ट्रेजर प्रा.लिको तर्फबाट अध्यक्ष **दीवाकर राजकर्णिकार**ले यस्तो सम्झौताले दुवै सस्थाको इमेज निर्माण भई देशको पर्यटन तथा आर्थिक क्षेत्रको विकासमा सहयोग पुग्ने बताउनुभयो। सो कार्यक्रममा मिस नेपाल वर्ल्ड २०२२ प्रियंका रानी जोशी ले आफु इतिहास बोकेको

सरकारी स्वमात्विमा रहेको वाणिज्य बैंकको ब्रान्ड एम्बासडर हुन पाउदा अत्यन्त खुसी लागेको बताउनुभयो । बैंकका नायब प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनालले स्वागत मन्तब्य व्यक्त गर्नुभएको कार्यक्रमको संचालन सुस्मिता बैद्यले गर्नु भएको थियो ।

कार्यक्रममा बैंकका उपकार्यकारी अधिकृतहरु देवेश प्रसाद लोहनी, विमल डंगोल, पवन रेग्मी, विनयरमण पौडेल, दुर्गाकुमारी कंडेल, विभागीय प्रमुखहरु, दी हिडेन ट्रेजरका निर्देशकद्धय सुवर्ण क्षेत्री प्रमोद कंसकार, मिस नेपाल वर्ल्ड-२०२० नम्रता श्रेष्ठ, मिस नेपाल अर्थ-२०२२ डा.सरिसा श्रेष्ठ, मिस नेपाल इन्टरनेशनल-२०२२ न्यान्सी खड्का लगायत बैंक कर्मचारीहरुको उपस्थिति रहेको थियो ।
बैंकको हाल ७ प्रदेश, ७७ जिल्लामा २५८ वटा शाखा कार्यालय, ५१ वटा एक्सटेन्सन काउन्टर, २६८ वटा एटिएम र १०२ वटा शाखा रहित बैंकिङ्ग रहेको छ ।

